प्रदेश सरकार
उद्योग, कृषि तथा सहकारी मन्त्रालय
पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय

# भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र धनकुटा/तेह्रथुम

कोशी प्रदेश

## प्रस्ताव आह्वान सम्बन्धि सूचना

तेश्रो पटक प्रकाशित मिति २०८०/१०/१६
दरखास्त पेश गर्ने अन्तिम मिति २०८०/१०/२२

यस भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र धनकुटा र सम्पर्क केन्द्र तेह्रथुमको आ.व. २०८०/०८१ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार **"प्रदेश कृषि व्यवसाय प्रवर्द्धन अनुदान ऐन २०७७ र प्रदेश कृषि व्यवसाय प्रवर्द्धन अनुदान नियमावली, २०७८" र प्रदेश कृषि व्यवसाय प्रवर्द्धन अनुदान (दोश्रो संशोधन) मापदण्ड, २०८०"** बमोजिम यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र धनकुटा तथा तेह्रथुम जिल्लाका दुग्ध उत्पादक सहकारी संस्था/समुह/डेरी उद्यमीहरुले तोकिएको ढाँचामा प्रस्ताव दर्ता गर्नु हुन यो सुचना प्रकाशित गरिएको छ साथै रित नपुगेका र म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु दर्ता गराईने छैन ।

थप जानकारीको लागि भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र धनकुटाको फोन नं. ०२६-५२२२८०/०२६-५२२२८३ सम्पर्क केन्द्र तेह्रथुमको फोन नं. ०२६४६०१२७ मा सम्पर्क राख्न हुन वा कार्यालयको वेभसाईट vhlecdhankuta.p1.gov.npबाट कार्यक्रम कार्यान्वयन सम्बन्धी ऐन, नियमावली र मापदण्ड डाउनलोड गरी थप जानकारी लिन सक्नु हुनेछ ।

कार्यक्रमको विवरण:-

| क.सं. | कार्यक्रमको नाम | उपलब्ध हुन सक्ने अधिकतम अनुदान प्रतिशत | मापदण्ड |
|---|---|---|---|
| १ | दुध उत्पादनका आधारमा अनुदान | प्रति लिटर रु. २ रुपैया | १.सहकारी संस्था, संकलन केन्द्र र डेरी उद्योगहरुले दैनिक कम्तिमा २५० लिटर दुध संकलन गरेको हुनु पर्नेछ<br>२.संस्थाले संकलन गरेको दुध आफैले प्रशोधन गरी वा अन्य डेरी उद्योगहरुलाइ बिक्री वितरण गर्ने प्रवन्धगरेको हुनुपर्नेछ ।<br>३. संस्थाले संस्थागत रुपमा खरिद वा बिक्री गरेको प्रमाण पेश गर्नु पर्नेछ ।<br>४. खरिद गरेको दुध न्युनतम नेपाल सरकारको गुणस्तर मापदण्ड पुगेको हुनुपर्नेछ । |

लोकनाथ दुंगाना
पशु विकास अधिकृत
नि.कार्यालय प्रमुख

प्रदेश सरकार
उद्योग, कृषि तथा सहकारी मन्त्रालय
पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय
भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र
धनकुटा
कोशी प्रदेश, नेपाल

**प्रस्ताव साथ सम्मिलित हुनु पर्ने कागजातहरुः**

१. रु. १० को हुलाक टिकट टाँस गरिएको तोकिएको ढाँचा बमोजिमको आवेदन पत्र ।

२. रु. २००।– को आवेदन दस्तुर।

३. आवेदकको नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपी ।

४. कार्यक्रम संचालनको लागी तोकिएको ढाँचा बमोजिमको प्रस्तावित कार्ययोजना ।

५. समुह/समिति/सहकारीको हकमा कार्यसमितिको निर्णयको प्रतिलिपी एवं संचालक समितिका पदाधिकारीको नागरिकताको प्रतिलिपी ।

६. प्रचलित कानुन बमोजिम आधिकारिक निकायमा फर्म/संस्था/व्यवसाय दर्ता/ नविकरण/ पान/भ्याट दर्ता प्रमाणपत्रको प्रतिलिपी ।

७. अघिल्लो आ.व.को लेखा परिक्षण प्रतिवेदन र करचुक्ताको प्रतिलिपी ।

८. स्थानीय तह पशु सेवा शाखाको सिफारिस पत्र ।

९. नियमावली तथा मापदण्डमा उल्लेख भए अनुसार माग भए बमोजिमका थप कागजातहरु ।

नोटः कार्ययोजनाको ढाँचा भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र धनकुटा र सम्पर्क केन्द्र तेह्रथुमबाट प्राप्त गर्न सक्नु हुनेछ ।

लोकनाथ ढुंगाना
पशु विकास अधिकृत
नि.कार्यालय प्रमुख